# अर्थ बुलेटिन

वर्ष १ अंक १०  जेठ, २०७७

## नेपाल सरकार
## अर्थ मन्त्रालय



## सम्पादकीय

विश्वव्यापी रुपमा फैलिएको कोभिड -१९ को कारणले केही महिना यता समग्र आर्थिक क्रियाकलापहरू प्रभावित भएका छन्। कुल सरकारी खर्च गत वर्षको सोही अवधिको तुलनामा सामान्य वृद्धि देखिएता पनि राजस्व परिचालनमा केही कमी आएको छ।

यस अवधिमा निर्यातमा सामान्य वृद्धि भएको र आयात घटेको कारण व्यापार घाटामा कमी आएको छ। शोधनान्तर स्थितिमा भने उल्लेख्य सुधार भएको छ।

कोभिड-१९ को कारण अन्तर्राष्ट्रिय उडान बन्द भएकोले पर्यटन क्षेत्र शिथिल रहेको छ भने विप्रेषण आप्रवाह समेत घटेको छ। लगानी, उत्पादन, व्यापार, निर्माण लगायत विभिन्न आर्थिक क्रियाकपलापमा समेत प्रत्यक्ष प्रभाव परेको छ।

तथापि वैदेशिक सहायता प्रतिवद्धतामा उच्च वृद्धि भएको छ। बैंक तथा वित्तीय क्षेत्रको निक्षेप र निजी क्षेत्रमा प्रवाह हुने कर्जा दुवै वृद्धि भएको छ। मूल्य वृद्धिमा सुधार भएको छ भने कर्जाको ब्याजदर घट्दो क्रममा छ।

**प्रकाशन तथा सम्पादन**

आर्थिक नीति विश्लेषण महाशाखा

सिंहदरवार, काठमाडौं

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

आर्थिक वर्ष २०७६/७७ को बैशाखसम्ममा संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रु. ७ खर्ब ८ अर्ब २४ करोडको तुलनामा ७.४ प्रतिशतले वृद्धि भई रू. ७ खर्ब ६० अर्ब ४८ करोड पुगेको छ। कुल खर्च मध्ये चालु खर्च रू. ५ खर्ब ७२ अर्ब १२ करोड, पूँजीगत खर्च रू. १ खर्ब १४ अर्ब १२ करोड र वित्तीय व्यवस्था तर्फ रू ७४ अर्ब २४ करोड रहेको छ।

**चार्ट (क): पछिल्लो ५ वर्षको बैशाखसम्मको खर्चको प्रवृत्ति (रु. अर्बमा)**




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

### राजस्व परिचालन

आर्थिक वर्ष २०७६/७७ को बैशाखसम्ममा कुल राजस्व गत आर्थिक वर्षको सोही अवधिको रू.६ खर्ब ४८ अर्ब ६७ करोडको तुलनामा १.४ प्रतिशतले कमी आई रू. ६ खर्ब ३९ अर्ब ३२ करोड रहेको छ। कुल राजस्वमा कर राजस्व रू. ५ खर्ब ५१ अर्ब ८८ करोड र गैरकर राजस्व रू. ८७ अर्ब ४४ करोड रहेको छ।

**चार्ट (ख): पछिल्लो ५ वर्षको बैशाखसम्मको राजस्व परिचालनको प्रवृत्ति (रु. अर्बमा)**




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

## चार्ट (ग): आर्थिक वर्ष २०७५/७६ र २०७६/७७ को बैशाखसम्मको राजस्व संकलनको संरचना




आ.व. २०७५/७६




आ.व. २०७६/७७

#अन्य अन्तर्गत शिक्षा सेवा शुल्क र अन्य कर समावेश गरिएको छ ।
स्रोतः अर्थ मन्त्रालय

| तालिका (क): राजस्व लक्ष्य र असुलीको विवरण (रू अर्बमा) | | | | |
|---|---|---|---|---|
| राजस्व शीर्षक | आ.व.२०७६/७७ को संशोधित लक्ष्य | राजस्व असुली | | बृद्धिदर |
| | | २०७६ बैशाखसम्म | २०७७ बैशाखसम्म | |
| **भन्सार महशुल** | १५८.५८ | १२७.२४ | ११३.१५ | -११.१ |
| **मूल्य अभिबृद्धि कर** | २३४.३१ | १९१.३७ | १७९.९७ | -६.० |
| आन्तरिक | ८८.०६ | ६६.७७ | ७३.५२ | १०.१ |
| पैठारी | १४६.२६ | १२४.५९ | १०६.४५ | -१४.६ |
| **अन्तःशुल्क** | १२६.४४ | ९९.६३ | ८४.२६ | -१५.४ |
| आन्तरिक | ७९.७३ | ५९.५४ | ५१.९३ | -१२.८ |
| पैठारी | ४६.७० | ४०.०९ | ३२.३३ | -१९.४ |
| **आयकर** | २०८.५४ | १४६.७० | १५९.७२ | ८.९ |
| **अन्य कर#** | २२.६२ | १९.९६ | १४.७८ | -२६.० |
| **कर राजस्व जम्मा** | ७५०.५० | ५८४.९० | ५५१.८८ | -५.६ |
| **गैर कर जम्मा** | ७६.५२ | ६३.७७ | ८७.४४ | ३७.१ |
| **कूल राजस्व** | ८२७.०२ | ६४८.६७ | ६३९.३१ | -१.४ |

#यस अन्तर्गत शिक्षा सेवा शुल्क र अन्य कर रहेका छन्।बहालकर र ब्याजकरलाई आयकरमा गणना गरिएको छ।
स्रोतः अर्थ मन्त्रालय

## करको दायरा विस्तार

२०७६ असारसम्म स्थायी लेखा नम्बर लिने करदाताहरूको सङ्ख्या २१ लाख ७२ हजार २ सय रहेकोमा २०७७ बैशाख महिनासम्म यस्तो सङ्ख्या ५१.८ प्रतिशतले बढेर ३२ लाख ९६ हजार ९ सय ६१ पुगेको छ। कूल करदातामध्ये व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाता १३ लाख ६५ हजार ८ सय ९१ तथा व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता १९ लाख २६ हजार ४ सय ८८ पुगेका छन्। चालु आर्थिक वर्षको बैशाखसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता २ लाख ५६ हजार ३ सय १६ पुगेका छन्। त्यस्तै अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या ९७ हजार ८ सय ३३ पुगेको छ।

चालु आर्थिक वर्षको पहिलो १० महिनामा मात्र ४२ हजार ५ सय ४६ नयाँ करदाताहरू मूल्य अभिवृद्धि करमा दर्ता भएका छन्। यस अवधिमा व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता ९ लाख ३३ हजार ४ सय ८ थप भएका छन्।

**तालिका (ख): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०७६ असारसम्म | २०७६/७७ को बैशाख सम्ममा थप | २०७६/७७ को बैशाखसम्म | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| व्यवसायिक स्थायी लेखा नम्बर (BPAN) | ११७८३८३ | १८७५०८ | १३६५८९१ | १५.९ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | ९९३०८० | ९३३४०८ | १९२६४८८ | ९४.० |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | ७३७ | ३८४५ | ४५८२ | ५२१.७ |
| **जम्मा स्थायी लेखा नम्बर** | **२१७२२००** | **११२४७६१** | **३२९६९६१** | **५१.८** |
| मू.अ.कर | २१३७७० | ४२५४६ | २५६३१६ | १९.९ |
| अन्तः शुल्क | ७७४१४ | २०४१९ | ९७८३३ | २६.४ |

स्रोतः आन्तरिक राजस्व विभाग ।

## सार्वजनिक ऋण तथा वैदेशिक सहयोग

२०७७ बैशाखसम्म संघीय सरकारको तिर्न बाँकी खुद सार्वजनिक ऋण रू. १२ खर्ब ६५ अर्ब ४९ करोड रहेको छ। यस मध्ये आन्तरिक ऋण रू. ५ खर्ब ६१ अर्ब ५२ करोड र वैदेशिक ऋण रू. ७ खर्ब ३ अर्ब ९७ करोड रहेको छ।यस अवधिमा संघीय सरकारले आन्तरिक ऋण तर्फ रू. २६ अर्ब ५५ करोड बराबरको सावाँ भुक्तानी र रू. १६ अर्ब ८७ करोड बराबरको ब्याज भुक्तानी गरेको छ। त्यसैगरी, बाह्य ऋणतर्फ सावाँ रू. १२ अर्ब ९८ करोड र व्याज रू. ३ अर्ब ३ करोड भुक्तानी गरेको छ।

आर्थिक वर्ष २०७६/७७ को बैशाखसम्म अन्तर्राष्ट्रिय आर्थिक सहायता प्रतिवद्धतामा २०.३ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ४९ अर्ब ४९ करोड पुगेको छ। यसमध्ये अनुदान सहायता रु. २१ अर्ब ३४ करोड र ऋण सहायता रु. १ खर्ब २८ अर्ब १५ करोड रहेको छ। आर्थिक सहायता प्रतिबद्धतामा अनुदान र ऋणको अंश क्रमशः १४.३ प्रतिशत र ८५.७ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो हिस्सा क्रमशः २४.५ प्रतिशत र ७५.५ प्रतिशत रहेको थियो।

## वित्तीय क्षेत्र

२०७६ चैत्रसम्म वाणिज्य बैंकको उपस्थिति भएका स्थानीय तहको सङ्ख्या ७४६ रहेको छ। गत वर्षको चैत्रसम्म यस्तो सङ्ख्या ७२५ रहेको थियो। २०७५ चैत्रसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ८२०५ रहेकोमा चालु आर्थिक वर्षको चैत्रसम्म यस्तो सङ्ख्या ९६९२ पुगेको छ। वार्षिक बिन्दुगत आधारमा २०७६ चैत्रमसान्तमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १५.४ प्रतिशतले वृद्धि भई रु. ३२ खर्ब ७६ अर्ब ७९ करोड र बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप १६.९ प्रतिशतले बृद्धि भई रु. ३५ खर्ब ४७ अर्ब ६२ करोड पुगेको छ ।

### पूँजी बजार

२०७६ को बैशाख मसान्तमा १३१५.४५ विन्दुमा रहेको नेप्से सूचकाङ्क २०७७ बैशाख मसान्तमा १२०१.५८ विन्दु कायम भएको छ।

### समग्र मूल्य स्थिति

२०७६ चैत्रमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति ६.७४ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो दर ४.४ प्रतिशत रहेको थियो। यस अवधिमा खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत तरकारी, फलफूल, मसला, दाल तथा गेडागुडी उपसमूहको मूल्य वृद्धि उच्च रहेको छ।

### बाह्य क्षेत्र

### वस्तु निकासी

आर्थिक वर्ष २०७६/७७ को बैशाख महिनासम्ममा कुल वस्तु निकासी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४.५ प्रतिशतले वृद्धि भई रू. ८२ अर्ब ६ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निकासी रू. ७८ अर्ब ५३ करोड रहेको थियो। यस अवधिको कुल निकासीमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको निकासीको अंश क्रमशः ७१.२ प्रतिशत १.३ प्रतिशत र २७.५ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निकासी क्रमशः ६४.१ प्रतिशत, २.३ प्रतिशत र ३३.६ प्रतिशत रहेको थियो। यस अवधिमा भटमासको तेल, प्रशोधित पाम आयल र जुटका बुनिएका कपडाको निकासी बढेको छ।

**तालिका (घ) : बैशाख महिनासम्ममा निकासी भएका प्रमुख १० वस्तुहरू (रु. अर्बमा)**

| क्र.सं. | वस्तुको नाम | २०७५/७६ | २०७६/७७ | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | प्रशोधित पाम तेल | ६.९८ | १८.३१ | १६२.२५ |
| २ | भटमासको तेल प्रशोधित | १.७६ | ८.३६ | ३७४.६८ |
| ३ | सेन्थेटिक यार्न | ८.१६ | ६.२२ | -२३.७३ |
| ४ | उनी गलैंचा कार्पेट | ६.३४ | ५.२८ | -१६.७३ |
| ५ | तयारी कपडा | ४.६८ | ३.९३ | -१६.०४ |
| ६ | अलैची | ३.५७ | ३.३५ | -६.१२ |
| ७ | फलफुलको जुस | ३.८५ | २.८३ | -२६.४२ |
| ८ | जुटका बुनिएका कपडा | २.४५ | २.५१ | २.४६ |
| ९ | अन्य कपडा उनी,सुती,टेरीकटन बाहेकका) | २.८० | २.४४ | -१३.०५ |
| १० | सल, दोसल्ला र पछ्यौरा | २.०८ | १.९१ | -७.८१ |
| ११ | अन्य | ३५.८७ | २६.९२ | -२४.९४ |

स्रोतः भन्सार विभाग ।

### वस्तु पैठारी

आर्थिक वर्ष २०७६/७७ को बैशाख मसान्तसम्म कुल वस्तु पैठारी रू.१० खर्ब २५ अर्ब १४ करोड रहेको छ। यस्तो पैठारी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १२.९९ प्रतिशतले न्यून हो। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो पैठारी रू. ११ खर्ब ७८ अर्ब १४ करोड रहेको थियो। कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि चालिएका लकडाउन लगायतका कार्यक्रमहरुबाट आर्थिक क्रियाकलापमा शिथिलता आई आयात घट्न गएको हो। चालु आर्थिक वर्षको यस अवधिको कुल पैठारीमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको पैठारीको अंश क्रमशः ६१.३ प्रतिशत, १५.२ प्रतिशत र २३.५ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात क्रमशः ६४.६ प्रतिशत, १४.४ प्रतिशत र २१.० प्रतिशत रहेको थियो। यस अवधिमा अन्य वस्तुहरूको आयात घटे पनि मलखादको आयात भने बढेको छ।

**तालिका (ङ) : बैशाख महिनासम्ममा पैठारी भएका प्रमुख १० वस्तुहरू (रु. अर्बमा)**

| क्र.सं. | वस्तुको नाम | २०७५/७६ | २०७६/७७ | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | डिजेल | ९५.१ | ७५.८ | -२०.३ |
| २ | एम. एस. विलेट | ५६.५ | ३५.४ | -३७.३ |
| ३ | एल पि ग्यास | २९.८ | २७.० | -९.४ |
| ४ | पेट्रोल | २९.० | २५.८ | -१०.९ |
| ५ | तयारी कपडा | २७.८ | २१.७ | -२१.९ |
| ६ | एच.आर. सीट | २३.७ | १९.९ | -१५.७ |
| ७ | औषधी एलोपेथीक | २०.७ | १८.८ | -९.४ |
| ८ | हवाइजहाज र हेलिकप्टर | १९.७ | १८.६ | -५.७ |
| ९ | चामल | २१.२ | १८.० | -१५.५ |
| १० | मलखाद | १३.४ | १७.८ | ३३.१ |
| ११ | अन्य | ८४१.२४ | ७४६.२९ | -११.३ |

स्रोतः भन्सार विभाग ।

### व्यापार सन्तुलन

आर्थिक वर्ष २०७६/७७ को बैशाखसम्ममा कुल वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १४.२ प्रतिशतले घटेर रू. ९ खर्ब ४३ अर्ब ७ करोड कायम रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा २०.१ प्रतिशतले बढेको थियो।

### सेवा व्यापार

आर्थिक वर्ष २०७६/७७ को पहिलो ९ महिनामा सेवा आयमा ८.७ प्रतिशतले कमी आई रू. १ खर्ब २६ अर्ब ८० करोड रहेको छ। यस

अवधिमा सेवा खर्चमा ११.६ प्रतिशतले कमी आई रू. १ खर्ब ३१ अर्ब ३९ करोड भएकोले खुद सेवा आय रू. ४ अर्ब ५९ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा खुद सेवा आय रू. ९ अर्ब ६२ करोडले घाटामा रहेको थियो।

### विप्रेषण आप्रवाह

आर्थिक वर्ष २०७६/७७ को चैत्रसम्ममा विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४ प्रतिशतले कमी आई रू. ६ खर्ब २६ अर्ब ९० करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आप्रवाह रू. ६ खर्ब ५३ अर्ब १८ करोड रहेको थियो।

### चालु खाता एवम् शोधनान्तर स्थिति

आर्थिक वर्ष २०७६/७७ को पहिलो नौ महिनामा शोधनान्तर स्थिति रू. ३६ अर्ब ६१ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू. ६४ अर्ब ६८ करोडले घाटामा रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता रू. १ खर्ब ३५ अर्ब ५४ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा रू. २ खर्ब ४ अर्ब ४३ करोड रहेको थियो।

### विदेशी विनिमय सञ्चिति

२०७६ असार मसान्तमा विदेशी विनिमय सञ्चिति रू. १० खर्ब ३८ अर्ब ९२ करोड रहेकोमा २०७६ चैत्र मसान्तमा यस्तो सञ्चिति ११.३ प्रतिशतले बढेर रु.११ खर्ब ५५ अर्ब ९० करोड पुगेको छ। २०७५ चैत्र मसान्तमा यस्तो सञ्चिति रू. १० खर्ब ५० अर्ब ८५ करोड रहेको थियो। आर्थिक वर्ष २०७६/७७ को पहिलो ९ महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिले ९.५ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहने देखिन्छ।

### विनिमय दर

२०७६ असार मसान्तको तुलनामा २०७६ चैत्र मसान्तमा नेपाली रुपैया अमेरिकी डलरसँग १०.१८ प्रतिशतले अवमूल्यन भई रु. १२१.७६ रहेको छ। २०७६ असार मसान्तमा उक्त विनिमय दर रु १०९.३६ रहेको थियो।

### अन्य आर्थिक गतिविधि

### कम्पनी दर्ता

आर्थिक वर्ष २०७६/७७ को बैशाखसम्ममा कम्पनी दर्ताको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १९.६ प्रतिशतले घटेर १७ हजार ४ सय ९१ रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या २१ हजार ७ सय ५६ रहेको थियो। कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि चालिएका कदमहरूले यस्तो सङ्ख्या घटेको हो।

### पर्यटक आगमन

सन् २०२० को मे महिनामा हवाई मार्गबाट नेपाल आउने पर्यटकको सङ्ख्या शुन्यप्राय रहेको छ। सन् २०१९ को सोही अवधिमा यस्तो सङ्ख्या ७८ हजार ३ सय २९ रहेको थियो। कोभिड-१९ को विश्वव्यापी महामारीको कारण आन्तरिक एवम् बाह्य आवागमनको लागि हवाई तथा स्थल यातायातका साधनहरू बन्द भएकोले यसको प्रत्यक्ष प्रभाव पर्यटन आगमनमा परेको छ।

### विद्युत उपभोग

चालु आर्थिक वर्ष २०७६/७७ को बैशाखसम्म विद्युत उपभोग गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ११.९ प्रतिशतले बढेर ५६६८.६ गिगावाट घण्टा पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो उपभोग ५०६७ गिगावाट घण्टा रहेको थियो।

## नीतिगत तथा कानूनी राय परामर्श

- नेपाल सरकार, मन्त्रिपरिषद्को २०७७।०१।१४ को निर्णय अनुसार कोभिड-१९ को कारणबाट उत्पन्न असहज परिस्थितिका सन्दर्भमा नेपाल सरकारको निर्णय बमोजिम दिइएको कर छुट तथा सुविधा पुनरावलोकन गरी महसुल छुट दिने सम्बन्धी र प्रभावित करदाताहरूले आवधिक रुपमा बुझाउनु पर्ने कर विवरण, आय विवरण तथा ती विवरण अनुसार भुक्तानी गर्नु पर्ने कर दाखिला गर्ने म्याद थप गर्ने सम्बन्धी सूचनाहरू नेपाल राजपत्रमा प्रकाशन गरी सार्वजनिक गरिएको छ।
- आगामी आर्थिक वर्ष २०७७।७८ को विनियोजन विधेयक प्रस्तुत गर्नुपूर्व विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता संघीय संसद्मा छलफल गर्ने प्रयोजनका लागि माननीय अर्थमन्त्रीले संघीय संसदको दुवै सदनमा प्रस्तुत गर्नु भएको छ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई कार्यान्वयन गर्न आवश्यक नियमावलीको मस्यौदालाई अन्तिम रुप दिन अन्तर-निकायस्तरको कार्यटोली गठन भई कार्यारम्भ गरेको छ।
- नेपाल लेखापरीक्षण सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०७७ को मस्यौदा उपर राय सहमतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाइएको छ।
- अर्थमन्त्रालयको सहमतिका लागि प्राप्त विभिन्न ऐन, नियम, निर्देशिका तथा गठन आदेशहरूमा राय/सहमति प्रदान गरिएको छ।

## मन्त्रालयका गतिविधीहरू

- आर्थिक वर्ष २०७७/७८ का लागि प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने समानीकरण अनुदान र राजस्व बाँडफाँटको अनुमानित सीमा र खर्च गर्दा पालना गर्नुपर्ने मापदण्ड तथा प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने समपुरक अनुदान र विशेष अनुदानको कार्यक्रमसहिको विवरण र खर्च गर्दा पालना गर्नपर्ने मापदण्ड तयार गरी प्रदेश तथा स्थानीय तहमा पठाइएको छ।
- सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी Financial Investigation Manual सम्बन्धमा Asian Development Bank सँग २०७७ साल बैशाख २४ गते भिडियो कन्फरेन्स गरिएको छ।

## अन्य गतिविधिहरू

- माननीय अर्थमन्त्री डा. युवराज खतिवडा र विश्व आर्थिक मञ्च (World Economic Forum) का पदाधिकारी, दक्षिण एशियाली राष्ट्रहरूका सरकार प्रमुख तथा उच्च पदस्थ पदाधिकारी, निजी क्षेत्रका प्रतिनिधि, अर्थशास्त्री एवम् विश्व स्वास्थ्य संगठनका पदाधिकारीबीच कोभिड-१९ ले पारेको एवम् पार्न सक्ने प्रभाव र सोलाई सम्बोधन गर्ने उपायबारे मिति २०७७ बैशाख ११ गते भिडियो कन्फेरेन्स मार्फत छलफल भएको छ।
  माननीय अर्थमन्त्रीले कोरोना भाइरसले नेपालको अर्थतन्त्र, स्वास्थ्य क्षेत्र र जनजीवनमा पारेको एवम् पार्न सक्ने प्रभाव, कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणमा नेपाल सरकारले हालसम्म चालेका कदमहरू तथा यस रोगको नियन्त्रणमा अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सहयोग, साझेदारी र समन्वयका क्षेत्रमा गर्न सकिने प्रयासबारे जानकारी गराउनु भयो।



माननीय अर्थमन्त्री डा. युवराज खतिवडा World Economic Forum का पदाधिकारी, दक्षिण एशियाली राष्ट्रहरूका सरकार प्रमुख तथा उच्च पदस्थ पदाधिकारी, निजी क्षेत्रका प्रतिनिधि, अर्थशास्त्री एवम् विश्व स्वास्थ्य संगठनका पदाधिकारी बीच विश्वभर फैलिएको कोरोना भाईरस (कोभिड –१९) को बारेमा भिडियो कन्फरेन्समार्फत छलफल गर्नुहुँदै।

माननीय मन्त्रीले कोभिड- १९, ले बहुसङ्ख्यक जनतालाई बेरोजगारी र गरिबीतर्फ धकेलेको प्रसंग उठाउनु हुँदै नेपालले विगत तीन दशक देखि गरिबी निवारणमा गरेको प्रयास र सफलतालाई यसले कमजोर बनाउदै लगेको र दिगो विकास लक्ष्य हासिल गर्न थप चुनौति थपेको उल्लेख गर्नु भयो।

- माननीय अर्थमन्त्री डा. युवराज खतिवडा र एशियाली विकास बैंकका अध्यक्ष मासाचुगु आसाकावाबीच कोभिड– १९ का कारण अर्थतन्त्रमा परेको असर र त्यसमा एशियाली विकास बैंकले गर्न सक्ने सहयोगबारे मिति २०७७ बैशाख १७ गते टेलिफोन संवाद भएको छ।

  सो वार्तामा कोभिड – १९ ले अर्थतन्त्रमा पार्ने प्रभाव, एशियाली विकास बैंकले नेपाललाई गरिरहेको सहयोग र आगामी दिनमा नेपालको विकासका प्राथमिकताका क्षेत्रमा बैंकले गर्न सक्ने थप सहयोगका विषयमा छलफल भयो। माननीय अर्थमन्त्रीले कोभिड – १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपालले लिएको रणनीतिबाट ठूलो संक्रमण हुन नपाएको जानकारी गराउनु हुदै कोरोना महामारीको असरलाई सम्बोधन गर्न एशियाली विकास बैंकले अनुदान सहयोगमा तीन लाख अमेरिकी डलर बराबरका स्वास्थ्य सामाग्रीहरू र २५० मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण बजेट सहायताको रुपमा प्रदान गर्न लागेकोमा धन्यवाद व्यक्त गर्नु भयो।



माननीय अर्थमन्त्री र एशियाली विकास बैंकका अध्यक्षबीच नेपालको विकासमा बैंकको थप सहयोग बारे वार्ता हुँदै

माननीय अर्थमन्त्रीले कोभिड –१९ बाट स्वास्थ्य सेवामा सार्वजनिक क्षेत्रको भूमिका प्रभावकारी रहनुपर्ने तथ्य उजागर भएको बताउनु हुँदै आगामी दिनमा नेपालको स्वास्थ्य पूर्वाधार विकासमा बैंकको थप सहयोगको अपेक्षा गर्नु भयो। उहाँले कोरोना संक्रमणबाट वैदेशिक रोजगारीका अवसरहरू खुम्चिदै जाँदा युवाहरूलाई स्वदेशमै काम गर्ने वातावरण बनाउन आधुनिक एवम् व्यवसायिक कृषि र स्थानीय पूर्वाधार एवम् ग्रामीण वित्त व्यवस्था विस्तारमा लगानी गर्नुपर्ने आवश्यकता रहेकोले यी क्षेत्रमा सहायता बढाउन एशियाली विकास बैंकलाई आग्रह गर्नु भयो।

- माननीय अर्थमन्त्री तथा अन्तर सरकारी वित्त परिषदका अध्यक्ष डा. युवराज खतिवडाले सबै प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रीहरूसँग भिडियो कन्फरेन्सको माध्यमबाट कोभिड १९ को असर, बजेट कार्यान्वयनका समस्या, राजस्व तथा खर्च प्रणालीका व्यवहारिक पक्ष र आगामी आर्थिक वर्षको बजेट निर्माणका सन्दर्भमा मिति २०७७ बैशाख २२ गते छलफल गर्नुभयो ।

माननीय अर्थमन्त्रीले संघ, प्रदेश र स्थानीय तहको मुख्य प्राथमिकता कोभिड संक्रमणको जोखिम न्यूनीकरण गर्न चालिएका कदमहरूबाट शिथिल भएको अर्थतन्त्र पुनरुत्थान गर्न, रोजगारी सिर्जना गर्न र वित्तीय संघीयतालाई प्रभावकारी बनाउनमा आगामी वर्षको बजेट केन्द्रीत हुनुपर्ने बताउनु भयो। उहाँले संघबाट लागत साझेदारीमा सञ्चालन गर्ने गरी घोषणा भई सशर्त अनुदान अन्तर्गत वित्तीय हस्तान्तरण भएका आयोजनामा प्रदेश र स्थानीय तहले प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नुपर्ने, आगामी वर्षको बजेट तर्जुमा गर्दा संघबाट सञ्चालित कार्यक्रमका अलावा स्थानीय स्तरमा रोजगारी सिर्जना हुने कार्यक्रमलाई प्राथमिकतामा राख्नुपर्ने तथा सशर्त अनुदान अन्तर्गतका चालु आयोजना मध्ये यस आर्थिक वर्षमा समाप्त भएका आयोजनाको अभिलेख तयार गरी संघमा पठाउनुपर्नेमा जोड दिनु भयो।

माननीय अर्थमन्त्रीले प्रदेश र स्थानीय तहले कर प्रस्ताव गर्दा दाहोरो नपर्ने गरी यकिन गरेर मात्र प्रस्ताव गर्नुपर्ने, संघले विभिन्न कार्यक्रमका लागि प्रदान गर्ने अनुदानमा प्रदेश र स्थानीय तहले सोही कार्यक्रमका लागि थप अनुदान दिन नहुने, वैदेशिक स्रोत अन्तर्गत हस्तान्तरित सशर्त अनुदानका आयोजनामा प्रदेश र स्थानीय तहले समेत आन्तरिक स्रोत र वैदेशिक स्रोत छुट्टयाई बजेट विनियोजन गर्नुपर्ने र वैदेशिक स्रोत अन्तर्गत खर्च गरी सोधभर्ना माग गर्ने प्रणाली स्थापना गर्नुपर्नेमा जोड दिनु भयो ।



माननीय अर्थमन्त्री तथा अन्तर सरकारी वित्त परिषदका अध्यक्ष डा. युवराज खतिवडा सबै प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रीहरूसँग भिडियो कन्फरेन्स मार्फत छलफल गर्नुहुँदै

छलफलमा माननीय अर्थमन्त्रीले कोभिड – १९ नियन्त्रणका लागि चालिएको कदमबाट सिथिल भएको अर्थतन्त्रको पुनरूत्थान गर्न संघले तर्जुमा गरेका कार्यक्रमका अलावा सम्बन्धित तहले आवश्यकता हेरी दोहोरो नपर्ने गरी कार्यक्रम संचालन गर्न सक्ने उल्लेख गर्नु भयो। उहाँले समानीकरण अनुदान वापत प्राप्त भएको रकमबाट प्रदेशले व्यहोर्नुपर्ने अनिवार्य दायित्व बाहेक अन्य क्षेत्रमा विनियोजन गर्दा राष्ट्रिय प्राथमिकताका क्षेत्रमा विनियोजन गर्नुपर्ने र समानीकरण अनुदानबाट कुनै प्रकारको अनुदान वितरण गर्न नहुने बताउनु भयो।